Website : besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०७८/७९
च.नं. १९९२

मिति :२०७९/०२/२७

**विषय : COPOMIS मा सहकारीको समष्टिगत विवरण भर्ने सम्वन्धमा ।**

**श्री सहकारी संस्था (सवै, बेसीशहर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने)**
**बेसीशहर, लमजुङ**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकरी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको च.नं. १३३८, मिति २०७९/०२/०९ को पत्र बमोजिम सहकारी सम्वन्धी कानुनी व्यवस्था अनुसार बेसीशहर नगरपालिका क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहलाई COPOMIS मा आवद्ध गराई मिति आ.व २०७८/०७९ असार मसान्त भित्र र तत् पश्चात हरेक वर्षको माघ महिना भित्र एकपटक अनिवार्य रुपमा प्रविष्टि गर्ने कार्यको लागी विभागले तोकेको ढाँचाहरुमा नियमित रुपमा तथ्यांक प्रविष्टिका लागि सहकार्य, समन्वय एवं सहजिकरण गरिदिनु हुन भनि पत्र प्राप्त भएकोले सोही अनुसार गर्नुहुन बेसीशहर नगरपालिका क्षेत्राधिकार भित्रका सम्पुर्ण सहकारी संस्थाहलाई अनुरोध गरिन्छ । साथै सहकारी विभागवाट प्राप्त पत्र यसै साथ संलग्न रहेको व्यहोरा जानकारी गराईन्छ ।

...............
इमनाथ कंडेल
प्रमुख प्रशासकिय अधिकृत

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सहकारी विभाग,
नयाँ बानेश्वर, काठ्माण्डौ ।

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०


## COPOMIS मा सहकारीको समष्टिगत विवरण भर्ने सम्वन्धमा अत्यान्त जरुरी सूचना !

**सूचना प्रकाशन मितिः २०७९/२/२७**

देशभरका सवै सहकारी संघसंस्थाको एकिकृत अभिलेख राख्न, नियमक निकायहरुमा विद्युतीय सूचना व्यवस्थापन प्रणली मार्फत प्रतिवेदन पठाउने लगायतका कार्यका लागि विगत केही वर्षदेखि सहकारी विभागले एकिकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) WWW.COPOMIS.GOV.NP संचालनमा ल्याएको व्यहोरा विदितै छ ।

सहकारी सम्वन्धी नीति तथा योजना निर्माण गर्न सहकारी क्षेत्रको तथ्यांकको अति आवश्यकता रहेकोले सहकारी संघसंस्थाले तथ्यांक तथा विवरणहरु, मासिक, चौमासिक र वार्षिक रुपमा एकपटक अनिवार्य रुपमा प्रविष्टि गर्ने कानुनी व्यवस्था भएनुसार यस वेसीशहर नगरपालिका क्षेत्राधिकार भित्र पर्ने सम्पुर्ण सहकारी संस्थारुले कोपोमिस प्रणली (www.copomis.gov.np) मा आवद्ध भई नयाँ थप गरिएको समष्टिगत विवरण फाराम मिति २०७९ असार मसान्त भित्र अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ । कोपोमिस प्रणाली (www.copomis.gov.np) मा आवद्ध नभएका सहकारी सस्थाहरुले आवद्ध हुनको लागी बेसीशहर नगरपालिकाको सहकारी शाखामा तोकिएको ढाँचामा निवेदन दिई आवद्ध हुन सकिने व्यहोरा अनुरोध छ । साथै केही सहकारी संस्थाहरुको आ.व ०७७/७८ को अन्तिम लेखा परिक्षण प्रतिवेदन हाल सम्म पनि प्राप्त नभएकोले यस बेसीशहर नगरपालिकाको सहकारी शाखामा उपलब्ध गराईदिनु हुन समेत अनुरोध गरिन्छ ।

**नोटः** कानुनी व्यवस्थाअनुसार यस वेसीशहर नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहले कोपोमिस प्रणली (www.copomis.gov.np) मा आवद्ध हुन अटेरी गरेमा वा कोपोमिस प्रणली (www.copomis.gov.np) मा प्रविष्ट गर्नु पर्ने विवरण तोकिएको समयभित्र प्रविष्ट नगरेमा/अटेरी गरेमा कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२/२७

इमनाथ कँडेल
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागी**

**सम्पर्क वेसीशहर नगरपालिकाको कार्यालय**
**वेसीशहर, लमजुङ**
**०६६-५२०१५०**

**बेसीशहर नगरपालिकाको वोयवसाईटः www.besishaharmun.gov.np**

**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको वोयवसाईट http://www.deoc.gov.np**